नेपाल सरकार
सङ्घिय मामिला तथा स्थानीय विकास मन्त्रालय

# वालिङ नगरपालिका कार्यालय

वालिङ, स्याङजा
२०५४

०६३–४४०१७७
–४४०११३
–४४०११८
–४४०२३७

पत्र सख्यां:२०७२/०७३
चलानी नं.

मितिः २०७२।९।२९

## विषयः वालिङ नगरपालिकाको घर नक्शा पास सम्वन्धी सार्वजनिक सुचना !!!

नेपाल सरकारद्धारा जारी वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभुत मापदण्ड २०७२ ले व्यवस्था गरेको प्रावधानहरु स्थानीय निकायका लागि अनिवार्य शर्त वमोजिम वालिङ नगरपालिकाको १९ औं नगरपरिषदले यस नगरपालिकाको भवन तथा योजना मापदण्ड २०६० लाई समय सापेक्ष संशोधन समेत गरिसकेकोले ति मापदण्डमा उल्लेख भएको पुर्व निर्मित भवन नियमति गर्न सक्ने प्रावधान वमोजिम तपसिलमा उल्लेखित हुने गरी नियमित गर्न १९ औं नगरपरिषदले मिति २०७२/१०/०१ गते देखी एक वर्षको म्याद राखी सार्वजनिक सूचना जारी गर्ने निर्णय गरे वमोजिम सम्वन्धित सरोकार राख्नु हुने सम्पूर्ण महानुभावहरुलाई जानकारीको लागी यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । यो सूचना वमोजिम पनि नियमित नगर्ने जो कोहीलाई नियमानुसार नै कारवाही प्रक्रिया अगाडी वढाईने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

***तपसिल***

क) आंशिक रुपमा नक्शा पास गरेको १७ मिटर भन्दा कम उचाइको भवनले वालिङ नगरपालिकाको भवन तथा योजना मापदण्ड २०६०, भवन संहिता तथा सडक ऐन अनुसरण गरको, सार्वजनिक वा सरकारी जग्गा अतिक्मण नगरेको अवस्थामा यो आधारभुत निर्माण मापदण्ड लागु भएको मिति २०७२।१०।१ गते देखी एक वर्षको समय दिई नक्शा पास गर्न आहवान गरएिकोले भवन स्वामित्व कर्ताले उक्त भवन तत्कालिन मापदण्ड अनुसार रहेको भन्ने प्राविधिक प्रतिवेदन सहित निवेदन दिएमा नगरपालिकाले तोकेको प्रकृया पुरयाई नक्शापास गरिदिनेछ । यो व्यवस्था अनुसार निवेदन नदिएका र सडक, सरकारी, ऐलानी, पर्ति जग्गा आदि अतिक्रमण गरेका भवनहरु नगरपालिकाले भत्काउन लगाउने वा भत्काउन सक्ने छ ।

ख) निर्माण भई सकेको १७ मिटर भन्दा अग्ला भवनलाई माथी प्रावधान (क) अनुसार नियमित गर्दा सहरी विकास कार्यालयको सिफारिसमा मात्र नक्सा पास गरि दिइनेछ ।

ग) यस आधारभुत निर्माण मापदण्ड लागु हुनु पुर्व हाल सम्म यस वालिङ नगरपालिकामा भवन सहिता लागु नभएकोले भवन सहिंता अनुसरण नगरीय पनि यस नगरपालिकाको स्वीकृत प्राप्त गरी निर्माण भएका भवनहरु यो आधारभुत निर्माण मापदण्ड लागु भएको मिति २०७२।१०।१ गते देखी एक वर्ष भित्र यस नगरपालिकाले तोकेको प्रकृया अनुसार नगरपालिकाको अभिलेखमा दर्ता गराउनु पर्नेछ । अभिलेखिकरण नगरिएका भवनहरुलाई सरकारी, अर्धसरकारी वा संस्थाहरुले भाडामा लिन पाउने छैनन् ।

घ) यस आधारभुत निर्माण मापदण्डले व्यवस्था गरे वमोजिम नक्शा पास नभएका, निवेदन दिएका वा अन्य जुनसुकै भवनहरु यस मापदण्ड वमोजिम कायम हुन चाहेकाहरुलाई एक वर्षको समय म्याद दिन सकिने व्यवस्था बमोजिम यही मिति २०७२/१०/०१ गते देखी लागु हुने गरि त्यस्ता घरहरुलाई प्रक्रियामा आउन आब्हान गरीन्छ । यसरी पनि प्रक्रियामा नआउनेहरुलाई नियमानुसार कारवाही प्रक्रिया अगाडी बढाउने व्यहोरा समेत सम्बन्धीत सबैका लागी यसै सुचनाद्धारा जानकारी गराईन्छ ।

.........................
कार्यकारी अधिकृत